# मिति २०८२/०८/२६ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाको विवरण।

| सि.नं. | प्रतिवादीहरु | मुद्दा | आयोगको मागदावी | बिशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदनको निवेदन गर्दा लिईएका आधार र कारण |
|---|---|---|---|---|---|
| १. | पशुपन्छी बजार प्रवर्द्धन निर्देशनालय, हरिहरभवन, ललितपुरका तत्कालीन कार्यकम निर्देशक डा.बलराम थापा क्षेत्री समेत ८ जना (बिशेष अदालतको मुद्दा नं. **(०८१-CR-००३४)** र फैसला मिति २०८२।३।१६ | **गैरकानूनी लाभ हानी पुऱ्याई भ्रष्टाचार गरेको** | (१) **पशुपन्छी बजार प्रवर्द्धन निर्देशनालय, हरिहरभवन, ललितपुरका तत्कालीन कार्यकम निर्देशक डा.बलराम थापा क्षेत्रीलाई** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ग) र (ङ) बमोजिमको कसूरमा बिगो रु. ४४,४२,८६१।- (अक्षरेपी चवालिस लाख बयालीस हजार आठ सय एकसट्टी रुपैया) कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम सजाय गरी बिगो असुल उपर हुन मागदाबी लिएको देखिन्छ।<br>साथै यी प्रतिवादी समेतले आपसी मिलेमतो तथा योजनामा नभए नगरेको कामको भए गरेको भनी झुट्टा विवरणको नापी किताब, अन्तिम बिल, कार्य सम्पन्न प्रतिवेदन समेत दिए/दिन लगाएको पुष्टि भएको हुँदा निज प्रतिवादी डा.बलराम थापा क्षेत्रीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसूरमा सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम सजाय हुन मागदावी लिईएको देखिन्छ।<br>(२)**पशुपन्छी बजार प्रवर्द्धन निर्देशनालय,** | **१. बिशेष अदालत, काठमाण्डौंबाट भएको फैसलाको सक्षिप्त विवरणः**<br>प्रतिवादीहरु डा. बलराम थापा क्षेत्री, राम प्रसाद बजगाई, डा. पुजा शर्मा, विश्वेश्वर प्रसाद खनाल, लोक बहादुर बोहरा, पुष्कर भण्डारी, सुरत बहादुर भुल र हिल साइड पोलिटेक्निक इन्स्टिच्यूट प्रा.लि. तथा प्रा.लि.का अध्यक्ष लोक बहादुर बोहरा, व्यवस्थापक सुरत बहादुर भुल, ई.पुष्कर भण्डारीले आरोपित कसुरबाट सफाई पाउने ठहर गरि मिति २०८२/०३/१६ गते फैसला भएको देखिन्छ। | **उल्लेखित आधारहरु लिई गरेको उक्त फैसला न्याय प्रशासन ऐन,२०७३ को दफा ९ को उपदफा (१) को देहाय (घ) बमोजिम अवस्था विद्यमान भई निम्न लिखित आधार कारणबाट त्रुटिपूर्ण रहेकोले पुनरावेदनको रोहबाट बदरभागी छ ।**<br>**क)** जिल्ला अछाम, साँफेबगर नगरपालिका वडा नं ५ को साँफेबगरमा पशु हाटबजार निर्माण सुधार कार्यक्रमको लागि रकम रु १,००,००,०००/- (एक करोड) मध्ये कन्टिन्जेन्सी ५ प्रतिशत र नियमानुसारको कर कट्टा गरी अनुदान सहयोग प्रदान गर्ने, आ.व २०७३/०७४ को जेठ १५ भित्र निर्माण कार्य सम्पन्न गर्ने, प्रथम पक्षबाट प्राप्त हुने अनुदान ७०% हुने तथा दोस्रो पक्षले ३०% बराबरको रकम अनिवार्य साझेदारी गर्ने, कार्यक्रम कार्यान्वयन कार्यविधि,२०७३ को अधीनमा रही कार्यक्रम सञ्चालन गर्ने, स्वीकृत प्रस्ताव पत्र मुताबिकको दर्तावाल इन्जिनियरबाट निर्मित डिजाइन ईष्टिमेट र दरभाउ, मेशिनरी उपकरण र अन्य सामानहरू खरिद गर्नु पूर्व प्रथम पक्षसँग स्वीकृत गराई उच्च गुणस्तर कायम राखी सो को जिम्मेवारी लिने गरी निर्धारित समय भित्र सञ्चालन गर्ने, दोस्रो पक्षले सुरुमा आफ्नो तर्फको लगानीबाट समेत सम्पन्न भएको कामको नियमानुसारको भ्याट बिल, दाखिला प्रतिवेदन, कार्य सम्पन्न प्रतिवेदन (रङ्गिन फोटोसहित) र अन्य आवश्यक कागजातसहित भुक्तानीका लागि पेस गरे पश्चात् स्थलगत प्राविधिक प्रतिवेदनका आधारमा मनासिब ठहरेमा एकमुष्ट वा दुई बराबर किस्तामा प्रथम पक्षले भुक्तानी दिने लगायतका विषयहरू उल्लेख गरी मिति २०७४/०२/०७ गते पशुपन्छी बजार प्रवर्द्धन निर्देशनालय, हरिहरभवन ललितपुर र हिल साइड पोलीटेक्निक इन्स्टिच्युट प्रा.लि साँफेबगर न.पा-७ बिच सम्झौता भएको देखिन्छ।<br>**ख)** प्रस्तुत मुद्दामा आयोजनास्थलमा सम्झौता बमोजिम केही निर्माण भएकोमा विवाद देखिएको छैन। अभियोग मागदावी समेतमा आयोगले लिएको मुख्य आधारहरुमा बिशेष गरी दुई पक्ष पशुपन्छी बजार प्रवर्द्धन निर्देशनालय, हरिहरभवन, ललितपुर र हिल साइड पोलिटेकनिक इन्स्टिच्युट, अछामले सम्झौता गर्दा आयोजनास्थल अछाम जिल्ला, साँफेबगर नगरपालिका, वडा नं ७ भनि तोकिएको छ भने आयोजना निर्माण गर्दा अछाम जिल्ला, साँफेबगर नगरपालिका, वडा नं ५ मा निर्माण गरिने भनि भएको देखिन्छ। |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | **हरिहरभवन, ललितपुरका तत्कालीन लेखा अधिकृत रामप्रसाद बजगाईलाई** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ग) र (ङ) बमोजिमको कसूरमा बिगो रु.४४,४२,८६१।- (अक्षरेपी चवालिस लाख बयालीस हजार आठ सय एकसट्ठी रुपैया) कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम सजाय गरी बिगो असुल उपर हुन मागदाबी लिइएको देखिन्छ।<br>साथै यी प्रतिवादी समेतले आपसी मिलेमतो तथा योजनामा नभए नगरेको कामको भए गरेको भनी झुट्टा विवरणको नापी किताब, अन्तिम बिल, कार्य सम्पन्न प्रतिवेदन समेत दिए/दिन लगाएको पुष्टि भएको हुँदा निज प्रतिवादी रामप्रसाद बजगाईलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसूरमा सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम सजाय हुन मागदावी लिईएको देखिन्छ।<br>(३)**पशुपन्छी बजार प्रबर्द्धन निर्देशनालय, हरिहरभवन, ललितपुरका पशु विकास अधिकृत डा.पूजा शर्मालाई** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ग) र (ङ) बमोजिमको कसूरमा बिगो रु. | २. **बिशेष अदालत, काठमाण्डौंबाट प्रस्तुत मुद्दा फैसला गर्दा निम्न आधारहरु ग्रहण गरेको देखिन्छः**<br>क.प्रतिवादीहरुले आरोपित कसूरमा इन्कारी भई बयान गरेको देखिएको।<br>ख.अदालतबाट भएको आदेश बमोजिम पेस भएको प्रतिवेदन हेर्दा उक्त योजनामा काम नै नभएको भन्ने देखिएन।<br>ग.आयोगबाट भएको स्थलगत नापजाँच तथा प्राविधिक प्रतिवेदन पेश गर्ने ई. रोशन बुढाथोकीले जमिनमुनीको हकमा नापी किताब बमोजिम कायम गरिएको र जमिन माथिको हकमा मात्र स्थलगत नापजाँच गरी प्रतिबेदन दिएको देखियो।निजहरुले बकपत्र गर्दा भौतिक प्रगति सतप्रतिशत भएको हो भनी लेखाएको देखिएको।<br>घ.प्रस्तुत मुद्दाको योजना सार्वजनिक खरिदको विषय नभइ सरकारले अनुदानको | पुँजिगत अनुदानबाट सन्चालन गरिने कार्यक्रमको द्विपक्षीय सम्झौताको बुंदा नं २ मा उल्लेख गरिएको छ। हिल साइड पोलिटेकनिक इन्स्टिच्युट, अछामले पनि आफ्नो आयोजना प्रस्तावमा आयोजनास्थल वडा नं ७ नै उल्लेख गरिएको मिसिलबाट देखिएको छ। यसरी आयोजनास्थलको छनौट देखि बदनियत रहेको तथ्य भएको पुष्टि भैरहेको देखिन्छ।<br>**ग)** पशुपन्छी बजार प्रबर्द्धन निर्देशनालय, हरिहरभवन, ललितपुरको मिति २०७३।९।८ गतेको खुशीलाल साहको संयोजकत्वमा प्रस्ताव छनौट समितिको बैठक नं ४,मा उल्लेखित आयोजना निर्माणको लागि सार्वजनिक जग्गा वा गुठीको जग्गा लिने भनी निर्णय भएको, मिति २०७३।१०।२० गतेको बैठक नं ७ मा प्रतिवादी हिल साइड पोलिटेक्निक इन्ष्टिच्युट अछामले मंगलसेन गुठीको जग्गामा हाटबजार संचालन गर्न प्रस्ताव गरेकोमा उक्त प्रस्तावलाई स्थगित गरेको निर्णय भएको, मिति २०७३।१०।२१ मा हिल साइड पोलिटेक्निक इन्ष्टिच्युट अछामले पशु हाटबजार संचालन गर्न प्रस्ताव गरेको सम्बन्धमा संचालन गर्ने स्थान गुठी अधिनस्थ जग्गा हुनुपर्ने र सोको लागि स्थलगत प्रमाणिकरणको लागि सिफारिश गर्ने भनी निर्णय गरिएकोमा उक्त निर्णय विपरीत हिल साइड पोलिटेकनिक इन्स्टिच्युट, अछामले व्यक्तिको जग्गा लिजमा लिई आयोजनास्थल निर्माण गरिएको अवस्था मिसिल संलग्न प्रमाणहरुबाट स्पष्ट देखिएको छ। यसरी सम्झौता तथा निर्णय विपरीत गरिएको कार्य नै अर्थात **सार्जन पाण्डे विरुद्ध नेपाल सरकार भएको भ्रष्टाचार मुद्दा** (स.अ. वुलेटिन, वर्ष १८, अंक १५, मंसीर २०६६, पूर्णाङ्क ४१७, पृष्ठ १९) मा स्थापित सिद्धान्त "सरकारी वा सार्वजनिक सम्पत्ति हिनामिना वा दुरुपयोग भएको कुरा उसको व्यवहार (By conduct) बाट देखिने हुन्छ । By conduct अर्थात कार्य तत्वले नै बदनियत तत्व पत्ता लाग्छ" भनि प्रतिवादीको बदनियतपुर्ण कार्य र मनसाय पत्ता लगाउने आधारको ब्याख्या भएको पाईन्छ।प्रस्तुत मुद्दा आरोप पत्रमा प्रतिवादी कायम गरिएका ब्यक्तिहरुले एक आपसमा मिलेमतो गरि आफैले स्वीकृत तथा प्रतिबद्धता जनाएको लागत अनुमान र संझौताका शर्तहरुको उल्लघंन गरि वदनियतपुर्ण तरिकाले लागत अनुमान भन्दा फरक काम गरेको देखाई, सो अनुसारको संशोधन स्विकृत नगराइ नभए नगरेको कार्यलाई भने गरेको देखाई नापी तथा कार्य सम्पन्न प्रतिवेदनमा उल्लेख आयोजनास्थलको वडा तथा जग्गा फरक गरि हचुवा आधारमा हिल साइड पोलिटेकनिक इन्स्टिच्युट, अछामलाई रु.६३,४६,९४३.७६/- रकम बराबर बढी मुल्याङ्कन भएकोमा सोको ७०%ले हुने |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | ४४,४२,८६१।- (अक्षेरेपी चवालिस लाख बयालीस हजार आठ सय एकसट्ठी रुपैया) कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम सजाय गरी बिगो असुल उपर हुन मागदाबी लिईएको देखिन्छ।<br>साथै यी प्रतिवादी समेतले आपसी मिलेमतो तथा योजनामा नभए नगरेको कामको भए गरेको भनी झुट्टा विवरणको नापी किताब, अन्तिम बिल, कार्य सम्पन्न प्रतिवेदन समेत दिए/दिन लगाएको पुष्टि भएको हुँदा निज प्रतिवादी डा.पूजा शर्मालाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसूरमा सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम सजाय हुन मागदावी लिइएको देखिन्छ।<br>(४)**जिल्ला पशु सेवा कार्यालय, अछामका पशु विकास अधिकृत विश्वेश्वर प्रसाद खनाललाई**<br>भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ग) र (ङ) बमोजिमको कसूरमा बिगो रु.४४,४२,८६१.०० (अक्षेरेपी चवालिस लाख बयालीस हजार आठ सय एकसट्ठी रुपैया) कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम सजाय गरी बिगो असुल उपर | विषय भएकोले आरोप पत्रमा दाबी गरे अनुसारको कसूरजन्य कार्य भएको नदेखिएको। | रु.४४,४२,८६१/- वढी भुक्तानी गरि सरकारी रकम हानीनोक्सानी गरेको तथ्य स्पष्ट हुँदा हुदै सो कार्यमा सलग्न प्रतिवादीहरु डा. बलराम थापा क्षेत्री, राम प्रसाद बजगाई, डा. पुजा शर्मा, विश्वेश्वर प्रसाद खनाल, लोक बहादुर बोहरा, पुष्कर भण्डारी, सुरत बहादुर भुल र हिल साइड पोलिटेक्निक इन्स्टिच्यूत प्रा.लि. तथा प्रा.लि.का अध्यक्ष लोक बहादुर बोहरा, व्यवस्थापक सुरत बहादुर भुल, ई.पुष्कर भण्डारीलाई आरोपदावीबाट सफाइ दिने ठहर गरि भएको फैसला त्रुटीपुर्ण रहेकोले बदर भागी रहेको छ।<br>**घ)** जुन उद्देश्यको लागि निर्माण भएको थियो उक्त स्थलको संचालन सम्बन्धमा शुरु अवस्थामा नै अनुसन्धान गर्दा जिल्ला प्रशासन कार्यालय, अछामले मिति २०७८।११।१५ को स्थलगत प्रतिवेदन पेश गर्ने आदेश पश्चात् भएको २०७८।१२।२१ को पत्रबाट आयोगलाई उक्त स्थलगत प्रतिवेदन सहित पठाउँदा संचालनमा नरहेको भनी बस्तुस्थिति समेतको सम्बन्धित वडाको जनप्रतिनिधिहरु तथा प्रतिवादीहरु सुरत भुल र लोक बहादुर बोहरा समेतको हस्ताक्षर रहेको प्रतिवेदन प्रेषित गरेको र २०८० सालमा पनि लिज गरिएको जग्गाका जग्गाधनी भरत कुमार स्वाँर समेतले गरेको बयानमा आयोजनास्थल संचालनमा नरहेको र जग्गा भाडा समेत नदिएको भनी जग्गा समेत फिर्ता लगेको भनी लेखाएबाट नेपाल सरकारले दिएको रकमको दुरुपयोग गरी छोटो समयको आयोजना बनाई (२०७४ जेठ देखि २०७४ असारसम्म) करौडौंको बजेट हिनामिना गरी अनियमितता गरी भ्रष्टाचार गरेको देखिएको छ।एकातिर स्थायी संरचना लगायतका कार्यहरु गर्नको लागि सम्झौता गर्ने अर्कातिर अस्थायी प्रकारको कार्य गरी संरचना निर्माण गरी नेपाल सरकारबाट प्राप्त रकम दुरुपयोग सबै प्रतिवादीहरुले गरेको स्पष्ट प्रमाणित भएको छ।प्रतिवादी लोक बहादुर बोहरा र जग्गाधनी भरतकुमार स्वाँर बिच मिति २०७४।०१।०५ गते भएकी जग्गावहाल सम्झौतापत्रमा जग्गा रहेको वडा नं समेत सच्चाएको, भौतिक संरचना निर्माणको लागि गुठी जग्गा लिने भनी सम्झौता निजी जग्गामा भएबाट सबै प्रतिवादीहरुको मिलेमतो बदनियत स्पष्ट देखिएकोमा शुरु बिशेष अदालतले सबै प्रतिवादीहरुलाई सफाई दिएको फैसला त्रुटीपूर्ण भई बदरभागी छ।<br>**ङ)** बिशेष अदालतको मिति २०८१/१२/२८ को आदेशानुसार पूर्वाधार विकास कार्यालय, अछामका प्राविधिक अधिकृत देवी प्रसाद उपाध्यायको नेतृत्वमा मिति २०८२/१/१६ मा भएको स्थलगत नापजाँच मुचुल्का सम्बन्धमा हेर्दा आयोगको कार्यालय, कन्चनपुरबाट खटिई गएको टोलीले मिति २०८०।४।२९ मा गरेको स्थलगत नापजाँच तथा |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | हुन मागदाबी लिईएको देखिन्छ।<br>साथै यी प्रतिवादी समेतले आपसी मिलेमतो तथा योजनामा नभए नगरेको कामको भए गरेको भनी झुट्टा विवरणको नापी किताब, अन्तिम बिल, कार्य सम्पन्न प्रतिवेदन समेत दिए/दिन लगाएको पुष्टि भएको हुँदा निज प्रतिवादी विश्वेश्वर प्रसाद खनाललाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसूरमा सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम सजाय हुन मागदावी लिईएको देखिन्छ।<br>(५)**हिल साइड पोलीटेक्निक इन्स्टिच्युट प्रा.लि. (प्रा.लि.दर्ता नं. १२६४५९) तथा उक्त प्रा.लि.का अध्यक्ष लोक बहादुर बोहरा, व्यवस्थापक सुरत बहादुर भुल, ई.पुष्कर भण्डारीलाई** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिम कसूरमा बिगो रु.४४,४२,८६१।- (अक्षरेपी चवालिस लाख बयालीस हजार आठ सय एकसट्ठी रुपैया) कायम गरी सोही ऐनको दफा ८ को उपदफा (४) बमोजिम सजाय गरी बिगो जफत हुन मागदाबी लिईएको देखिन्छ।<br>साथै उल्लिखित प्रा.लि. सम्वद्ध निज प्रतिवादीहरु समेतले आपसी मिलेमतो तथा योजनामा नभए नगरेको कामको | | प्राविधिक प्रतिवेदनबाट आएको निष्कर्ष करीब करीब एउटै भएकोमा शुरु अदालतले लिएको आधार सफाईको आधार बन्न सक्ने होइन। आयोगको कार्यालयले आयोगको नियमावलीको नियमबमोजिम उल्लेखित मितिमा स्थलगत नापजाँच गर्दा हिल साइड पोलिटेकनिक इन्स्टिच्युट, अछामले रकम भुक्तानीको लागि पेश गरेको नापी किताब तथा आयोजना विवरण समेतलाई हेरेको हो केवल भौतिक संरचनालाई मात्र हेरेर प्राविधिक प्रतिवेदन दिइएको होइन। अनुसन्धानको क्रममा पेश प्रतिवेदनमा प्रतिबेदकले अदालतमा बकपत्र गरि प्रतिवेदन ब्यहोरा पुष्टि भएको अबस्थामा अदालत उक्त प्रमाणलाई ग्रहण गर्नु पर्ने प्रमाण ऐन, २०३१ को दफा १८ मा उल्लेखित कानूनी व्यवस्था विपरित भएको फैसला त्रुटीपुर्ण हुदाँ बदर भागी छ।<br>**च)** प्रतिवादी हिल साइड पोलिटेकनिक इन्स्टिच्युटका अध्यक्ष **प्रतिवादी लोक बहादुर बोहरा**ले अनुसन्धानको क्रममा बयान गर्दा भरतकुमार स्वाँरको नामको व्यक्तिगत जग्गा भाडामा लिएको, आयोजनास्थल निर्माण सम्पन्न भैसेकेकोमा केही बर्षमा आएको प्राकृतिक विपत्तिहरुले र कोरोना महामारीले संचालन हुन नसकी संरचना क्षति तथा चोरी भएको भन्ने समेत ब्यहोरा उल्लेख गरेको देखिदा निर्माण सम्पन्न भएको भनिएको पशु हाटबजार नचलेको अवस्था स्पष्ट देखिन्छ।सैपाल इन्जिनियरिङ्ग कन्सट्रक्सन एण्ड कन्सल्ट नेपाल प्रा.लि.का प्रवन्ध निर्देशक प्रतिवादी **जिवन विक्रम साउद**ले बयान गर्दा विस्तृत लागत अनुमान र डिजाइनको कार्य नभएको र हिल साइड पोलिटेकनिक इन्स्टिच्युटको प्रस्तावाना प्रयोजनको लागि मात्र अनुमाननित गरि Increasing rate of first fiscal year @ 10% of project cost, Administration cost @ 5% of total project cost, Monitoring and supervision cost @ 2.5% of total project cost & Technical support cost @ 3% of total cost of project राखेको हो भन्ने समेत ब्यहोरा उल्लेख गरेको देखिंदा आयोजनाको कार्य स्थायी प्रकृतिको नदेखिएको र पेश गरिएको प्रस्तावले ल्याउने परिणाम समेतको आंकलन समेत नभएको देखिदा देखिदै उक्त प्रमाणको विवेचना नगरि प्रतिवादीहरुलाई सफाई दिने ठहर गरी गरेको फैसला त्रुटीपुर्ण देखिदा बदरभागी छ।<br>**छ)** अनुसन्धानको क्रममा स्थलगत प्राविधिक प्रतिवेदन पेश गर्ने ईन्जिनियर रोशन बुढाथोकीले अदालतमा उपस्थित भई गरेको बकपत्रबाट प्रतिवेदन ब्यहोरा बकपत्रबाट पुष्टी भएको देखिन्छ भने प्रतिवेदक सिडिई प्रेम नारायण बस्यालले बकपत्र गर्दा आयोजनाको भौतिक प्रगति नापी किताब बमोजिम नभएको भनी उल्लेख गरेको ब्यहोराले प्रतिवेदन ब्यहोरा बकपत्रबाट समर्थित भएको देखिन्छ। हिल साइड पोलिटेकनिक इन्स्टिच्युट, अछामले आयोजना निर्माण सम्पन्न भएपछि निरन्तर पशु हाटबजार संचालन |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | भए गरेको भनी झुट्टा विवरणको नापी किताब, अन्तिम बिल, कार्य सम्पन्न प्रतिवेदन समेत दिए/दिन लगाएको पुष्टि भएको हुँदा निज प्रतिवादीहरु हिल साइड पोलीटेक्निक इन्स्टिच्युट प्रा.लि. (प्रा.लि.दर्ता नं. १२६४५९) तथा उक्त प्रा.लि.का अध्यक्ष लोक बहादुर बोहरा, व्यवस्थापक सुरत बहादुर भुल र ई.पुष्कर भण्डारीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसूरमा सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम सजाय हुन मागदावी लिईएको देखिन्छ।<br>**बिशेष अदालत, काठमाण्डौंबाट भएको फैसलाको सक्षिप्त विवरणः**<br>प्रतिवादीहरु डा. बलराम थापा क्षेत्री, राम प्रसाद बजगाई, डा. पुजा शर्मा, विश्वेश्वर प्रसाद खनाल, लोक बहादुर बोहरा, पुष्कर भण्डारी, सुरत बहादुर भुल र हिल साइड पोलिटेक्निक इन्स्टिच्यूट प्रा.लि. तथा प्रा.लि.का अध्यक्ष लोक बहादुर बोहरा, व्यवस्थापक सुरत बहादुर भुल, ई.पुष्कर भण्डारीले आरोपित कसुरबाट सफाई पाउने ठहर गरि मिति २०८१/०३/१६ गते फैसला भएको देखिन्छ। | | गर्नुपर्ने अनिवार्यता देखिन्छ तर उक्त संस्थाले नियम विपरित व्यवसाय शुरुवाती समयदेखि नै संचालन नगरेको देखिईरहेकै अवस्थामा उक्त प्रा.लि.ले भुक्तानी लिनको लागि बदनियतपुर्ण कार्य गरेको स्पष्ट देखिइरहेकोमा उक्त तथ्य तथा प्रमाणको वेवास्ता गरि प्रतिवादीहरु आरोप दावीबाट सफाई दिने ठहर गरि भएको फैसला त्रुटीपुर्ण हुदाँ बदरभागी रहेको छ।<br>**अतः** उल्लेखित आधार र कारणहरुबाट जिल्ला प्रशासन कार्यालय, अछामले दिएको तत्कालीन प्रतिवेदन, लिजमा लिएको जग्गाधनीको बयान, पशुपन्छी बजार प्रबर्द्धन निर्देशनालय, हरिहरभवन, ललितपुरको बैठकको निर्णयहरु, पशुपन्छी बजार प्रबर्द्धन निर्देशनालय, हरिहरभवन, ललितपुर, र हिल साइड पोलिटेकनिक इन्स्टिच्युट, अछामबिच भएको सम्झौता लगायत पेश भएको स्थलगत तथा प्राविधिक प्रतिवेदनको मूल्याङ्कन, तथा प्रतिवेदक लगायत साक्षीहरुले अदालत समक्ष गरेका बकपत्रहरु, र सैपाल इन्जिनियरिङ्ग कन्सट्रक्सन एण्ड कन्सल्ट नेपाल प्रा.लि.का प्रवन्ध निर्देशक जिवन विक्रम साउदको बयानलाई बिश्लेषण गरी आयोजनाको शुरुवाती देखि नै संलग्न रही गैर कानुनी सम्झौतापत्रमा हस्ताक्षर गरी आयोजनालाई स्वीकृत गर्ने प्रतिवादी डा. बलराम थापा क्षेत्री, निर्माणाधीन आयोजनालाई निर्माणसम्पन्न भनी स्वीकृत गरी भुक्तानीको लागि सिफारिश गर्ने विश्वेश्वर प्रसाद खनाल, गैर कानुनी सम्झौतापत्रमा हस्ताक्षर गरी भुक्तानी रकमको लागि टिप्पणी सदर गर्ने डा.पुजा शर्मा, आयोजनाको लागि आएको रकम भुक्तानी दिने राम प्रसाद बजगाई, आयोजनाको लागि आएको रकम भुक्तानी लिने हिल साइड पोलिटेक्निक इन्स्टिच्यूट प्रा.लि.का अधयक्ष लोक बहादुर बोहरा, पुष्कर भण्डारी, सुरत बहादुर भुल र हिल साइड पोलिटेक्निक इन्स्टिच्यूट प्रा.लि.लाई आरोप दावी बमोजिम सजाय गर्नु पर्नेमा सफाई दिने ठहर गरि भएको त्रुटिपुर्ण फैसला बदर गरि आरोपदावी बमोजिम सजाय गरि पाउन अनुरोध छ। |